

# ५ क्रुसभन्दा अघिका पुनरुत्थानहरु

<u>*यस अध्यायका मूल पदहरूः*</u> यहूदा ९, लुका ९:२८-३६, १ राजा १७:८-२४, लूका ७:११-१७, मर्कूस ५:३५-४३ र यूहन्ना ११:१-४४।

<u>यस अध्यायको मूल सार पदः</u> **"येशूले भन्नुभयो, "मरेकाहरूलाई बिउँताउने र जीवन दिने म नै हुँ। मलाई विश्वास गर्ने जोसुकै होस्, मरे पनि बाँच्नेछ! मलाई विश्वास गरेर बाँचेपछि ऊ फेरि कहिल्यै पनि मर्नेछैन। के तिमी यो कुरा विश्वास गर्छ्यौ?" यूहन्ना ११:२५-२६।**

हामीले हेरेका पुरानो करारमा सम्बोधन गरिएको पुनरुत्थान प्रायजसो व्यक्तिगत अपेक्षा (अय्यूब १९:२५-२७), हिब्रू ११:१७-१९, भजन ४९:१५, भजन ७१:२०) र भविष्यका प्रतिज्ञाहरू (दानिएल १२:१,२,१३) थिए। यद्यपि, पुरानो करारमा केही मरेकाहरूनै व्युँतेका थिए भनेर पनि उल्लेख गरिएकोछ।

पहिलो पुनरुत्थान त मोशा नै थियो (यहूदा ९, लूका ९:२८-३६)। इस्राएलको राज्यशासन कालमा सारपथकी विधवीको छोरालाई (१ राजा १७:८-२४) र शुनेमको परिवारको छोरालाई (२ राजा ४:१८:३७) मृत्युबाट व्युँताइएको थियो। अझ येशू जब भौतिक शरीरमा हुनुहुन्थ्यो तब उहाँले नाइन सहरको विधवीको छोरालाई (लूका ७:११-१७), याइरसकी छोरीलाई (लूका ८:४०-५६), र लाजरसलाई (यूहन्ना ११) मृत्युबाट व्युँताउनुभएको थियो। मोशाबाहेक, ती सबै व्यक्तिहरू मरणशील भएरै ब्युँताइएको थियो। अन्तमा तिनीहरू फेरि मरेका थिए। मानिस मरेपछि अचेत हुन्छ वा तिनीहरूको चेतनाले काम गर्दैन भन्ने बाइबलको शिक्षालाई (अय्यूब ३:११-१३, भजन ११५:१७, भजन १४६:४ र उपदेशक ९:५:१०) तिनीहरूको पुनरुत्थानको मामिलाले अनुमोदन गर्दछ। ती कुनै विवरणहरूमा वा अरू विवरणहरूमा

मानिसहरू मरेर व्युँताएपछि व्युँतनुभन्दा पहिले तिनीहरूको अनुभव के थियो भनेर उल्लेख गरिएको छैन।

ख्रीष्टको आफ्नै मृत्यु र पुनरुत्थानभन्दा अघि भएका पुनरुत्थानको बारेमा यस अध्यायमा अझ राम्रोसँग चर्चा गर्नेछौं।

## १. मोशाको पुनरुत्थान

**मोशा भौतिक शरीरमै पुनरुत्थान भएका थिए भनेर देहायका पदहरूले कसरी पुष्टि गर्दछ? हेर्नुहोस्, "मुख्य स्वर्गदूत मिखाएलले पनि मोशाको लाशको बारेमा शैतानसँग तर्क गर्दा त्यसलाई निन्दा गरेर दोष लगाएनन्। खालि 'प्रभुले तँलाई झपार्नुहुन्छ' भने।" यहूदा ९ र "२८ यी कुरा भनेको प्रायः एक हप्तापछि पत्रुस, यूहन्ना र याकूबलाई लिएर येशू पहाडमा प्रार्थना गर्न जानुभयो। उहाँले प्रार्थना गरिरहनुभएको बेलामा उहाँको अनुहार भिन्नै भयो र उहाँको लुगा सेतो र चहकिलो भएर आयो। ३० एक्कासि दुई जना मानिस देखा परे र येशूसँग कुरा गर्न लागे। उनीहरू मोशा र एलिया थिए। ३१ उनीहरू पनि स्वर्गको उज्यालोमा चम्किरहेका थिए र यरूशलेममा येशू मर्नुपर्ने बारेमा उहाँसँग कुरा गर्दै थिए। ३२ पत्रुस र उनका साथीहरू मस्त निदाएका थिए। बिउँझँदा त तिनीहरूले येशूलाई स्वर्गको चहकिलो उज्यालोमा ती अरू दुईसँग कुरा गरिरहनुभएको देखे। ३३ ती दुई येशूसँग बिदा हुन आँट्दा पत्रुसले भने, "गुरु, हामी पनि यहाँ भएको त राम्रो भएछ। यहाँ तीन वटा छाप्रो बनाऔं, एउटा तपाईंलाई, एउटा मोशालाई र एउटा एलियालाई!" तर उनलाई आफूले भनेका कुराको ख्यालै थिएन। ३४ पत्रुस बोल्दाबोल्दै एउटा बादल आएर उनीहरूलाई ढाक्यो अनि चेलाहरू डराए। ३५ त्यतिखेर बादलभित्रबाट यस्तो आवाज आयो, "यिनी मैले छानेका मेरा पुत्र हुन्, यिनले भनेको तिमीहरूले मान।" ३६ त्यो आवाज रोकिएपछि चेलाहरूले येशूलाई मात्रै देखे। त्यस बेला चेलाहरूले आफूले देखेका कुरा कसैलाई पनि बताएनन्।" लूका ९:२८-३६।**

मिश्र देशको अलेक्जान्ड्रियाका ग्रीक इसाई अगुवाहरूले मोशाको मृत्युको बारेमा फरक तर्क गरेका थिए। जब मोशा मरे तब दुई जना मोशा देखिएका थिए: एउटा मर्दा आत्मिकरूपमा जीवित थिए भने अर्को भौतिकरूपमा मरेका थिए; एउटा मोशाचाहिँ स्वर्गमा गएर स्वर्गदूतहरूसँग रमाइरहेका छन् भने अर्को मोशा चिहानमा गाडिएको छ (ओरिजिन, होमिलिज अन यहोशू २:१; क्लेमन्ट अभ अलेक्जान्ड्रिया, स्ट्रोमाटा ६:१५)। ग्रीक र अरू धर्मदर्शनका

मानिसहरू जसले आत्मा अमर छ भन्ने कुरामा विश्वास गर्छन्, तिनीहरूको निम्ति दुई मोशाको धारणा ठिकै लाग्छ होला, तर यो धारणा सरासर बाइबलको विपरित छ। मोशाको शरीरको पुनरुत्थानको बारेमा बाइबलले सिकाएको शिक्षालाई यहूदा ९ ले अनुमोदन गरेको छ। त्यसबेला मिखाएल वा येशू र सैतानको बीचमा मोशाको भौतिक शरीरको विवाद चलेको थियो, उनको आत्मा वा प्राणको बारेमा थिएन।

मोशा १२० वर्षको उमेरमा मरे भनेर व्यवस्था ३४:५-७मा उल्लेख गरिएको छ, र परमप्रभुले उनलाई मोआबको जमिनको गोप्य स्थानमा गाड्नुभएको थियो। तर मोशा चिहानमा धेरै समयसम्म रहनुभएन। "स्वर्गदूतहरूको साथमा ख्रीष्ट आफैले मोशालाई गाडेका थिए। उहाँहरू स्वर्गबाट मरिरहनुभएका सन्तलाई बोलाउन आउनुभएको थियो।...पहिलो पल्ट ख्रीष्टले मरेकालाई जीवन दिन खोज्नुभएको थियो। जब जीवनको राजकुमार र तेजिलो स्वर्गदूतहरू चिहानमा आएका थिए तब सैतान आफ्नो प्रभुत्वको सन्त्रास भएको थियो।...ख्रीष्टले निहुरेर सैतानसँग विवाद गर्नुभएन...ख्रीष्टले आफ्नो पितातर्फ फर्किन्दै भन्नुभयो, 'परमप्रभुले तिमीलाई हपारुन्।' यहूदा ९...मोशाको पुनरुत्थान सदाको निम्ति निश्चित गरिएको थियो। आफ्नो शिकारलाई छोड्नु पर्दा सैतान व्याकुल भएको थियो; मरेका धर्मी फेरि जीवित हुनेछ।"-एलेन जी. ह्वाइट, प्रोफेटस् एण्ड किङ्स ३७८, ४७९बाट रूपान्तरित।

मोशा पुनरुत्थान भएका थिए भन्ने सबुद प्रमाण येशूको रूप परिवर्तन भएको पहाडमा उल्लेख गरिएको छ। त्यसबेला मोशा अगमवक्ता एलियासँग देखा परेका थिए। एलिया नमर्दै स्वर्गमा लगिएको थियो (२ राजा २:१-११)। मोशा र एलिया येशूसँग कुराकानी पनि गरेका थिए (लूका ९:२८-३६)। "एक्कासि दुई जना मानिस देखा परे र येशूसँग कुरा गर्न लागे। उनीहरू मोशा र एलिया थिए। उनीहरू पनि स्वर्गको उज्यालोमा चम्किरहेका थिए र यरूशलेममा येशू मर्नुपर्ने बारेमा उहाँसँग कुरा गर्दै थिए।" लूका ९:३०-३१। मोशा देखा पर्नुको अर्थ येशूको आगमनले पाप र मृत्युमाथि विजय पाउनुभएको थियो भनेर बताउँछ। यस कुरामा केही नबुझ्ने चित्रण गरिएको छैन। मोशा र एलिया भौतिक शरीरमा देखा परेका थिए "आत्मिकरूपमा" होइन। एलिया त मरेकै थिएन। तिनीहरू प्रत्यक्षरूपमा येशूकहाँ देखा परेको देखाउँछ।

**मोशालाई पृथ्वीको कनानमा प्रवेश गर्न दिइएको थिएन (व्यवस्था ३४:१-४) तर स्वर्गको कनानमा उनलाई लगिएको थियो। यसले हामीलाई यो**

सिकाउँदैन र? "हामीभित्र काम गर्ने शक्तिद्वारा हामीले मागेको र सोचेको भन्दा प्रशस्त मात्रामा दिन सक्नुहुन्छ। एफिसी ३:२०-२१।

## २. पुरानो करारकाम दुई मामिलाहरू

देहायका पदहरूमा दुई पुनरुत्थानको बारेमा वर्णन गरिएको छ। तिनीहरूमा के समानता र भिन्नता तपाईंले देख्न सक्नुहुन्छ? हेर्नुहोस्, "७ केही समयपछि देशमा पानी नपरेकोले त्यो खोलाको पानी सुक्यो। ८ तब परमप्रभुको यो वचन तिनीकहाँ आयोः ९ "अब झट्टै सीदोनका सारपतमा गएर त्यहाँ बस्। तिमीलाई खुवाउन मैले त्यस ठाउँमा एउटा विधवालाई आज्ञा गरेको छु।" १० यसैले तिनी सारपतमा गए। जब तिनी सारपतको मूल ढोकामा आइपुगे, तब तिनले एउटी विधवालाई दाउरा बटुलिरहेकी देखे। तिनले हपारेर त्यसलाई भने, "कृपा गरी एउटा लोहोटामा मलाई अलिकता पानी पिउनलाई ल्याइदेऊ।" ११ त्यो विधवा पानी ल्याउनलाई जाँदाजाँदै तिनले फेरि मागे त्यसलाई भने, "कृपा गरी एक टुक्रा रोटी मलाई ल्याइदेऊ।" १२ त्यस विधवाले जवाफ दिई "जीवित परमप्रभु तपाईंका परमेश्वरको नाउँमा शपथ खाएर म भन्छु, कि भाँड़ामा एक मुट्ठी पीठो र ढुङ्ग्रोमा अलिकता तेलबाहेक मसित केही रोटी छैन। म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई घरमा केही झिंजामिजा लानलाई खोज्दैछु।" १३ एलियाले त्यसलाई भने, "नडराऊ, घर गएर तिमीले भनेझैं गर। तर पहिले तिमीसित जे छ त्यसको एउटा सानो रोटी बनाएर मकहाँ ल्याऊ, र त्यसपछि तिमी र तिम्रो छोराको निम्ति केही बनाऊ। १४ किनकि परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'देशमा परमप्रभुले पानी नपठाउञ्जेल भाँड़ाको पीठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल रित्तिनेछैन'।" १५ त्यो विधवा गएर एलियाले भनेझैं गरी। यसैले एलियाको निम्ति र त्यो र त्यसका परिवारको निम्ति दिनहुँ खानेकुरा भयो। १६ किनकि एलियाद्वारा परमप्रभुले भन्नुभएझैं भाँड़ाको पीठो सिद्धिएन, र ढुङ्ग्रोको तेल पनि रित्तिएन। १७ केही समयपछि त्यो स्त्री, त्यस घरकी मालिक्नीको छोरो बिरामी पऱ्यो, र त्यो झन्-झन् सिकिस्त हुँदैगयो, अनि आखिरमा त्यसले सास फेर्न पनि छोड्यो। १८ तब त्यस स्त्रीले एलियालाई भनी, "हे परमेश्वरका जन, तपाईंको मेरो विरुद्धमा के छ? के तपाईं यहाँ मेरो पाप सम्झाएर मेरो छोरालाई मार्न आउनुभएको हो?" १९ एलियाले जवाफ दिए, "तिम्रो छोरो यहाँ मलाई देऊ।" एलियाले त्यसलाई त्यस स्त्रीका हातबाट लिएर आफू बसेको माथिल्लो कोठामा लगे, र त्यसलाई आफ्नो

ओछ्यानमा राखे। २० त्यसपछि तिनले परमप्रभुलाई कराएर भने, "हे परमप्रभु मेरा परमेश्‍वर, के म जसकहाँ बसेको छु त्यसको छोरालाई मारेर त्यस विधवामाथि यो विपत्ति तपाईंले ल्याउनुभएको हो?" २१ तब तिनी तीन पल्ट त्यस बालकमाथि लमतन्न परे, र परमप्रभुलाई हपारेर भने, "हे परमप्रभु मेरा परमेश्‍वर, फेरि यस बालकको जीवन यसमा फर्कोस्।" २२ परमप्रभुले एलियाको पुकार सुन्नुभयो, र त्यसमा जीवन फर्क्यो र त्यो बाँच्यो। २३ एलियाले बालकलाई उठाएर कोठाबाट तल घरमा लगे। त्यसकी आमालाई तिनले दिएर यसो भने, "हेर त, तिम्रो छोरो जिउँदैछ।" २४ तब त्यस विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाईं परमेश्‍वरका जन हुनुहुँदोरहेछ, र तपाईंको मुखबाट निस्केको परमप्रभुको वचन सत्य रहेछ।" १ राजा १७:७-२४
र "८ एक दिन एलीशा शूनेममा गए। त्यहाँ एउटी धनाढ्य स्त्री थिइन्, जसले तिनलाई खानपान गर्न जिद्दी गरिन्। यसैले जब एलीशा त्यहाँबाट भएर जान्थे, तब खानपान गर्नलाई केही समय बस्थे। ९ ती स्त्रीले आफ्ना पतिलाई भनिन्, "मलाई थाहा छ, कि यहाँ हाम्रो बाटो भएर सधैं जाने मानिस परमेश्‍वरका एक पवित्र जन हुनुहुन्छ। १० कौसीमा तिनको निम्ति हामी एउटा सानो कोठा बनाइदिऔं, र त्यहाँ तिनको निम्ति एउटा ओछ्यान, एउटा टेबिल, एउटा कुर्सी र एउटा बत्ती राखिदिऔं। तब तिनी यहाँ हामीकहाँ आउँदा त्यहीं नै बस्न सक्छन्।" ११ एक दिन एलीशा आएर कौसीको आफ्नो कोठामा गएर विश्राम गर्नलाई पल्टे। १२ तिनले आफ्नो चाकर गेहजीलाई भने, "त्यस शूनम्मी स्त्रीलाई बोलाएर ले।" त्यसले तिनलाई बोलाएर ल्याए, र तिनी ती अगमवक्ताको सामुन्ने उभिइन्। १३ एलीशाले आफ्नो चाकरलाई भने, "तिनलाई भन्, 'तिमीले हाम्रा निम्ति यी सबै दुःख गरेका छौ। अब तिम्रो निम्ति के गर्न सकिन्छ। के हामी तिम्रो पक्षमा राजासित अथवा सेनापतिसित तिम्रो केही कुरा गरिदिन सक्छौं?" तिनले जवाफ दिइन्, "मेरा आफ्नै मानिसहरूका बीचमा मेरो घर छँदैछ।" १४ एलीशाले गेहजीलाई भने, "तिनको निम्ति म के गर्न सक्छु?" गेहजीले भन्यो, "तिनको कोही छोरा छैन, र तिनका पति वृद्ध छन्।" १५ तब एलीशाले भने, "तिनलाई बोला।" तब गेहजीले तिनलाई बोलाएर ल्यायो, र तिनी ढोकानेर खड़ा भइन्। १६ तब एलीशाले भने, "प्रायः यही समय अर्को वर्ष तिम्रो काखमा एउटा छोरो हुनेछ।" तिनले भनिन्, "होइन, होइन, मेरा प्रभु, हे परमेश्‍वरका जन, आफ्नी दासीलाई नछकाउनुहोस्।" १७ तर तिनी गर्भवती भइन् र अर्को वर्ष एलीशाले भनेकै समयमा तिनले एउटा छोरा जन्माइन्। १८ त्यो

बालक बढ्यो, र एक दिन त्यो आफ्ना बाबुकहाँ गयो, जो कटनी गर्नेहरूसँग
थिए। १९ त्यसले आफ्ना बाबुलाई कराएर भन्यो, “मेरो कपाल दुख्यो! मेरो
कपाल दुख्यो!” त्यसका बाबुले एउटा नोकरलाई भने, “त्यसलाई त्यसकी
आमाकहाँ लैजा।” २० त्यस नोकरले ठिटालाई उठाएर आमाकहाँ पुऱ्याएपछि
त्यो ठिटो आफ्नो आमाको काखमा मध्यदिनसम्म बसिरह्यो, र त्यसपछि त्यो
मऱ्यो। २१ ती स्त्रीले गएर ठिटालाई माथि परमेश्वरका जनको ओछ्यानमा
राखिदिएर ढोका लगाई बाहिर निस्केर गइन्। २२ तब तिनले आफ्ना पतिलाई
बोलाएर भनिन्, “कृपा गरी मलाई एउटा नोकर र एउटा गधा पठाइदिनुहोस्, र
म जत्ति सक्दो चाँड़ो परमेश्वरका जनकहाँ गएर फर्कनेछु।” २३ उनले सोधे,
“आज किन जानुपऱ्यो? आज न त औंसी हो न शबाथ हो।” तिनले भनिन्, “ठीकै
छ।” २४ तिनले गधामा जीनकाठी कसिन्, र आफ्नो नोकरलाई भनिन्, “मैले
नभनुञ्जेल धपाउँदै जा र ढिलो नगर्।” २५ यसरी तिनी गइन् र कर्मेल डाँड़ामा
परमेश्वरका जनकहाँ आइन्। तिनलाई टाढ़ैबाट आइरहेकी देखेर परमेश्वरका
जनले आफ्नो चाकर गेहजीलाई भने, “हेर त, त्यो आउने त शूनम्मी स्त्री हो।
२६ दगुरेर गई त्यसलाई भेटेर सोध्, ‘के तपाईंलाई कुशलै छ? के तिम्रा पतिलाई
कुशलै छ? के तिम्रो बालकलाई सन्चै छ?” तिनले भनिन्, “सबै ठीकै छन्।” २७
जब तिनी डाँड़ामा परमेश्वरका जनकहाँ पुगिन्, तब तिनले एलीशाका खुट्टा
समातिन्। तिनलाई हटाउनलाई गेहजी अगि सरेर आयो, तर परमेश्वरका जनले
भने, “तिनलाई छोड़िदे! तिनलाई साह्रै ठूलो कष्ट परेको छ, तर परमप्रभुले त्यो
कुरा मबाट लुकाएर मलाई केही भन्नुभएको छैन।” २८ तिनले भनिन्, “हे मेरा
प्रभु, के मैले छोरो मागेको थिएँ र? ‘आशा दिएर मलाई निराश नपार्नुहोस्’ भनी
बिन्ती गरेको थिइनँ र?” २९ तब एलीशाले गेहजीलाई भने, “तिम्रो खास्टोले
कम्मर कस्। यो मेरो लहुरो लिएर कुदी जा। यदि बाटोमा कसैलाई भेटिस् भने
त्यसलाई अभिवादन नगर्, र त्यसले अभिवादन गऱ्यो भने त्यसलाई जवाफ नदे।
यो मेरो लहुरो त्यस ठिटाको मुखमा राखिदे।” ३० तर ठिटाकी आमाले भनिन्,
“परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई
छोड्नेछैनँ।” यसैले तिनी उठेर ती स्त्रीको पछि लागे। ३१ गेहजीले चाहिँ
तिनीहरूका अगि गएर त्यो लहुरो त्यस ठिटाको मुखमा राखिदियो, तर कुनै
प्रतिक्रिया आएन। यसैकारण एलीशालाई भेट गर्न गेहजी फर्किगयो, र तिनलाई
भन्यो, “त्यो केटो त जागेन।” ३२ जब एलीशा घरमा पुगे, तब तिनले आफ्नो
ओछ्यानमा राखिएको त्यस ठिटालाई मरिसकेको भेट्टाए। ३३ तिनी कोठाभित्र

**पसे र ती दुई मात्र भित्र गएर तिनले कोठाको ढोका थुने र परमप्रभुलाई प्रार्थना गरे। ३४ त्यसपछि ओछ्यानमाथि चढ़ेर आफ्ना मुख त्यसका मुखमा, आफ्नो आँखा त्यसको आँखामा र आफ्ना हात त्यसका हातमा राखेर तिनी त्यस बालकमाथि लमतन्न पस्रिए। जब तिनी त्यसमाथि लमतन्न परे, तब त्यस बालकको शरीर तातो हुँदैगयो। ३५ एलीशा उठे, र कोठाभित्र यताउता हिँडे, र फेरि एक पल्ट ओछ्यानमा चढ़ेर तिनी त्यसमाथि लमतन्न परे। तब त्यस ठिटाले सात खेप छिउँ काढ़्यो र आँखा खोल्यो। ३६ तब एलीशाले गेहजीलाई बोलाएर भने, "ती शूनम्मी स्त्रीलाई बोला।" त्यसले तिनलाई बोलायो। ती स्त्री आएपछि एलीशाले भने, "तिम्रो छोरालाई लैजाऊ।" ३७ तिनी भित्र आइन् र भूइँसम्मै निहुरेर एलीशाका खुट्टामा घोप्टो परिन्। त्यसपछि आफ्नो छोरालाई लगेर तिनी बाहिर निस्किन्।" २ राजा ४:८-३७।**

हिब्रू ११:३५मा लेखिएको छ, "स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए।" लेखकले दुई पुनरुत्थानहरूको बारेमा चर्चा गरिरहेका थिए जुन माथि उल्लेख गरिएको छ।

पहिलो पुनरुत्थान (१ राजा १७:८-२४) इस्राएलको इतिहासमा इस्राएलीहरूले परमेश्वरमाथि विश्वास त्यागेर मूर्तिपूजाहरू गरेर भ्रष्ट भएको बेलामा भएको थियो। राजा आहाब र उनकी श्रीमति यजबेलको प्रभावमा वर्षाको देउटा बाललाई मानिसहरूले पूजा गरेका थिए। त्यसबेला इस्राएलमा ठूलो अनिकाल लागेको थियो। देशभरि खडेरी भएको थियो। परमेश्वरले एलियालाई सारपथ भन्ने सहरमा जान अऱ्हाउनुभएको थियो। त्यो सहर इस्राएल बाहिर थियो। त्यहाँ एक जना फिनिसी विधवीलाई एलियाले भेटे। त्यसबेला उनले आफूसँग भएको अलिकति पिठोले आफु र आफ्ना छोरालाई रोटी पकाएर खान तयार गर्दै थिइन्। अनि त्यो खाएपछि तिनीहरू मर्नेछ भनेर उनले सोचेकी थिइन्। तर पिठो र तेलको आश्चर्य आपुर्तिले तिनीहरूको जीवन वचेको थियो। अनिकालभरि तिनीहरूको पिठो र तेल सिद्धिएको थिएन। केही समयपछि त्यो उनको छोरो बिरामी भयो र मऱ्यो। व्याकुल भएर आमाले एलियासँग छोराको निम्ति बिन्तिभाऊ गरिन्। एलियाले परमप्रभुसँग कराएर प्रार्थना गरे। यस बारे यसरी लेखिएको छ, "१७ केही समयपछि त्यो स्त्री, त्यस घरकी मालिक्नीको छोरो बिरामी पऱ्यो, र त्यो झन्-झन् सिकिस्त हुँदैगयो, अनि आखिरमा त्यसले सास फेर्न पनि छोड्यो। १८ तब त्यस स्त्रीले एलियालाई भनी, "हे परमेश्वरका जन, तपाईंको मेरो विरुद्धमा के छ? के तपाईं

यहाँ मेरो पाप सम्झाएर मेरो छोरालाई मार्न आउनुभएको हो?" १९ एलियाले जवाफ दिए, "तिम्रो छोरो यहाँ मलाई देऊ।" एलियाले त्यसलाई त्यस स्त्रीका हातबाट लिएर आफू बसेको माथिल्लो कोठामा लगे, र त्यसलाई आफ्नो ओछ्यानमा राखे। २० त्यसपछि तिनले परमप्रभुलाई कराएर भने, "हे परमप्रभु मेरा परमेश्वर, के म जसकहाँ बसेको छु त्यसको छोरालाई मारेर त्यस विधवामाथि यो विपत्ति तपाईंले ल्याउनुभएको हो?" २१ तब तिनी तीन पल्ट त्यस बालकमाथि लमतन्न परे, र परमप्रभुलाई हपारेर भने, "हे परमप्रभु मेरा परमेश्वर, फेरि यस बालकको जीवन यसमा फर्कोस्।" २२ परमप्रभुले एलियाको पुकार सुन्नुभयो, र त्यसमा जीवन फर्क्यो र त्यो बाँच्यो। २३ एलियाले बालकलाई उठाएर कोठाबाट तल घरमा लगे। त्यसकी आमालाई तिनले दिएर यसो भने, "हेर त, तिम्रो छोरो जिउँदैछ।" २४ तब त्यस विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाईं परमेश्वरका जन हुनुहुँदोरहेछ, र तपाईंको मुखबाट निस्केको परमप्रभुको वचन सत्य रहेछ।" १ राजा १७:१७-२४।

दोस्रो पुनरुत्थान (२ राजा ४:१८-३७) शुनेममा भएको थियो। यो गिलबोआको दक्षिणमा सानो गाउँमा रहेको सानो गाउँमा भएको थियो। एलिशाले गरिब बिधुवाका धेरै भाँडाहरूमा अचम्म तरिकाले तेल भरिदिएर उनको ऋणहरू तिरिदिएका थिए (२ राजा ४:१-७)। पछि, शुनेममा, एक जना प्रतिष्ठित बिवाहित महिलालाई भेटेका थिए। उनका सन्तान थिएन। अर्को वर्ष उनको छोरो हुनेछ भनेर अगमवक्ताले भनेका थिए र त्यसै अनुसार उनको छोरो पनि भयो। केटो हुर्कन्दै र तन्दुरुस्त थियो। तर एक दिन ऊ बिरामी भयो र मऱ्यो। कारमेल पहाडमा त्यस शुनामीत महिला एलिशालाई भेटेर आफ्नो घरमा आएर आफ्नो छोरालाई हेर्न बिन्ति गरिन्। एलिशाले परमेश्वरसँग कठोर प्रार्थना गरे र आखिरमा त्यो केटा फेरि जीवित भएको थियो।

ती महिलाहरूको पृष्ठभूमि फरक थियो तर तिनीहरूमा एउटै विश्वास थियो। तिनीहरूको विश्वासमा उद्धार गरिने आस्था थियो। सारपातकी विधवीले अगमवक्ता एलियालाई आफ्नै अत्यन्तै नाजुक अवस्थामा सत्कार गरेकि थिइन्। त्यसबेला आफ्नै देश इस्राएलमा एलियाको निम्ति सुरक्षित ठाउँ थिएन। शुनामाइत महिला र उनको श्रीमान मिलेर एलिशाको निम्ति विशेष कोठा तयार पारेका थिए ताकि उनी त्यस क्षेबमा यात्रा गर्दा उनको निम्ति

पाहुना कोठा होस् भनेर विशेष ठाउँको निर्माण गरर्का थिए। जब दुवै बालकहरू मरे ती विश्वासी महिलाहरूले परमेश्वरका अगमवक्ताहरूसँग प्राणको भिष मागेका थिए, र जब तिनीहरू फेरि जीवित भएपछि तिनीहरू धेरै आनन्दित भएका थिए।

**माथिका कथाहरू धेरै रोचक र रमाइला छन्। तर त्यहाँ अरू नलेखिएको वा नबताइएका त्यस्तै कथाहरू होलान् जसमा त्यस्तै आश्चर्य कामहरू भएका थिएनन्। यो दुःखदलाग्दो छ कि धेरैले त्यसको खालको अनुभव गर्न पाएका थिएनन् र गर्न पनि पाइरहेका छैनन्। अन्तको समयमा प्रतिज्ञा गरिएको पुनरुत्थानमा हाम्रो विश्वासको केन्द्रविन्दु हो भनेर सोच्नु अनुवार्य ठान्नु पर्दछ।**

## ३. नाइन सहरमा विधवीको छोरो

येशूको बारेमा बाइबलमा यसरी बताइएको छः "परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।" प्रेरित १०:३८। हो, चारैवटा सुसमाचारका पुस्तकहरू येशूले आवश्यक र दुःखमा परेकाहरूलाई सेवागर्न व्यस्त भएका थिए भन्ने बृतान्तले भरिएका छन्। पछि आएर उहाँकै कामको आधारमा धेरै यहूदीहरूले येशू नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्थ्यो भनेर विश्वास गर्न पुगेका थिए।

"गाउँका गाउँहरू घरहरूमा बिमारले गर्दा मानिसहरू दुःखित हुन परेका थिएनन्। उहाँ ती घरहरूमा जानुभएर सबै बिरामीहरूलाई निको पार्नुभएको थियो। उहाँकै कामले उहाँ परमेश्वरले अभिषेक गर्नुभएको व्यक्ति हुनुहुन्थ्यो भनेर प्रमाणित गरिएको थियो। प्रेम, करुणा, दया, सदाशयताका प्रत्येक कामद्वारा उहाँको जीवन प्रकट भएको थियो। मानिसका छोराछोरीहरूप्रति उहाँको हृदय कोमल सहानुभूतिले भरिएको थियो। उहाँले मानव स्वभाव लिनुभयो ताकि प्रत्येक मानिसको चाहनाप्रति उहाँ परिचितमात्र होइन तिनीहरूको आवश्यकतामा उहाँ पुग्न सकुन्। गरिब, दीनदुःखी, नम्र र समाजबाट तिरस्कृतहरू उहाँकहाँ आउन हिचिकिचाएका थिएनन्। साना बालबालिकहरू पनि उनीप्रति आकर्षित भएका थिए।"-एलेन जी ह्वाइट, स्टेप्स्टु ट्रु क्राइस्ट, पृ. ११,१२बाट रूपान्तरित।

लूका ७:११-१७ पढ्नुहोस्। अघि हामीले हेरेका पुनरुत्थानका विवरणहरू र यहाँ येशूले गर्नुभएको पुनरुत्थानको बीचमा के उल्लेखनीय भिन्नता छ? हेर्नुहोस्, "११ भोलिपल्ट येशू नाइन नाउँको सहरमा जानुभयो, र उहाँका चेलाहरू र एउटा ठूलो भीड उहाँका साथमा गए। १२ जब उहाँ सहरको ढोका नजिक पुग्नुभएको थियो, एउटी विधवाको एउटै छोराको लाश लगिँदैथियो। सहरको निकै ठूलो भीड तिनको साथमा थियो। १३ जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो, "नरोऊ।"

१४ अनि नजिक गएर उहाँले अरथी छुनुभयो, र बोक्नेहरू टक्क अड़िए। उहाँले भन्नुभयो, "ए युवक, म तिमीलाई भन्दछु, 'उठ।'।" १५ तब मृत मानिस उठेर बस्यो, र बोल्न लाग्यो। येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो। १६ तब सबै भयभीत भए, र परमेश्वरको महिमा गरे, र भने, "एक जना महान् अगमवक्ता हाम्रा बीचमा प्रकट भएका छन्," र "परमेश्वरले आफ्नो प्रजामाथि कृपा गर्नुभएको छ।" १७ उहाँको विषयको यो चर्चा सारा यहूदिया र छेउछाउका समस्त जिल्लाहरूमा फिँजियो।"

गालिलको आफ्नो सेवाकालमा येशूले धेरै बिरामीहरूलाई निको पार्नुभएको थियो र दुष्टआत्माले सताएकाहरूबाट ती आत्माहरू निकाल्नुभएको थियो। एक दिन उहाँ र उहाँलाई पछ्याउनेहरू नाइन सहरमा जाँदै थिए तब तिनीहरूले मलामी गइरहेका मानिसहरूलाई भेटे। तिनीहरूले विधवीको एकमात्र छोरोको लास बोकिरहेका थिए। विधिवी अचाक्लिसँग रोइरहेकी थिइन्। त्यस शोकित आमाप्रति येशूका हृदय करुणाले भरियो। उनकहाँ गएर येशूले भन्नुभयो, "नरोऊ।" अनि लासतिर फर्केर येशूले हुकुम गर्नुभयो, "हे युवक म तिमीलाई भन्दछु, उठ।" त्यो छोरो जीवित भयो र येशूले उसको आमालाई सुम्पनुभयो। येशूको उपस्थितिले त्यहाँको सबै दृश्यमा परिवर्तन भएको थियो। त्यो आश्चर्य काम गर्ने धेरैले केही चकित पार्ने कुरोमात्र देखेन तिनीहरूको माझमा विशेष व्यक्तिको पनि उपस्थिति भएको तिनीहरूले महसुस गरेका थिए। तिनीहरूले उहाँलाई महान् अगमवक्ता भनेर सम्बोधन गरेका थिए।

दुवै सारपाटकी विधवी (१ राजा १७:८-२४) र शुनामाइट महिलाले एलिया र एलिशासँग सहयोग मागेका थिए। तर सहायता नमागिकननै नाइनकी विधवीलाई सहयोग गरिएको थियो। त्यसको अर्थ हामीले नमागेतापनि परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ। उहाँको सहायताको निम्ति हामी अयोग्य

भएतापनि वा असमर्थ  भएतापनि हामीप्रति उहाँ संवेदनशील हुनुहुन्छ भनेर माथिका कथाहरूले हामीलाई देखाउँदछ। येशूले समस्या देख्नुभयो र त्यसलाई समाल्नुभयो। येशूको सेवाकालभरि सेवा गर्ने उहाँको विशिष्ट सेवा गर्ने शैली त्यो थियो।

**सत्य धर्म भनेकै हाम्रा वरिपरिरहेका अनाथ र विधुवाहरूको वास्ता गर्नु पर्छ भनेर याकूब १:२७मा लेखिएको छ। हुन त, हामीले येशुले गर्नुभएको जस्तो आश्चर्य कामहरू गर्न सक्दैनौं। तैपनि हाम्रा वरिपरि रहेका दुःखित मानिसहरूको सेवा गर्न हामीले के गर्नुपर्छ?**

## ४. याइरसकी छोरी

येशूको आफ्नै पुनरुत्थान पहिले जतिपनि पुनरुत्थानहरू भयो ती  कुनै निश्चित जाति, राष्ट्र वा सामजिक वर्गमा सीमित थिएन। सिडोन वा आधुनिक लेबनानको सहर सारपातकी स्त्री (१ राजा १७:९) यहूदी थिइनन्। आफ्नो क्षेत्रमा शूनेमकी स्त्री प्रतिष्ठित महिला (२ राजा ४:८) थिइन्। नाइनकी सर्वसाधारण अपरिचित विधवीको एकमात्र छोरा थियो। सायद विधवीको आयस्रोत त्यो छोरामात्र थियो होला (लूका ७:१२)। त्यसको विपरित याइरस यहूदी धर्मस्थलको शासक वा अध्यक्ष थियो। त्यो कपरनुनमा होला (मर्कूस ५:२२)। तिनीहरू फरक  सामाजिक,सांस्कृतिक, राष्ट्रिय र जातिय पृष्ठभूमि फरक भएतापनि तिनीहरू सबैले परमेश्वरको जीवन दिने शक्तिको आशिष पाएका थिए।

**येशूको आफ्नै बोलिवचनले भन्नुभएको थियो, "बालिका मरेकी छैनन्, तर सुतिरहेकी छिन्।" उहाँको अनुसार मृत्युको के हो? हेर्नुहोस्, "२१ जब येशू फेरि डुङ्गामा समुद्रको पारिपट्टि जानुभयो, तब एउटा ठूलो भीड उहाँको वरिपरि भेला भयो। उहाँचाहिँ समुद्रको किनारमा हुनुहुन्थ्यो। २२ सभाघरका शासकहरूमध्ये याइरस नाउँका एक जना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका पाउमा घोप्टो परे, २३ र यसो भनेर बिन्ती गरे, "मेरी सानी छोरी मर्न लागेकी छे, आएर त्यसमाथि तपाईंका हात राखिदिनुहोस्, र त्यो निको होस् र बाँचोस्।" २४ तब येशू तिनीसँग जानुभयो।... ३५ उहाँ बोल्दैहुनुहुँदा, शासकको घरबाट मानिसहरू आएर भने, "तपाईंकी छोरी त मरीन्। गुरुज्यूलाई अब अरू कष्ट किन दिनुहुन्छ?" ३६ तर तिनीहरूले गरेका कुराहरूलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, "नडराऊ, विश्वास मात्र गर।" ३७ अनि**

**उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन। ३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरू, रुनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन खैलाबैला गर्छौ र रुन्छौ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे।" ४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे। तब उहाँले तिनीहरू सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी," जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ।" ४२ अनि ठिटी तुरुन्तै उठी, र हिँड्डुल गर्न लागी। त्यो बाह्र वर्षकी थिई। अनि त्यति नै बेला तिनीहरू आश्चर्यचकित भए। ४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्ने कड़ा आज्ञा दिनुभयो। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो।" मर्कूस ५:२१-२४, ३५-४३।**

याइरसकी १२ वर्षकी छोरी घरमा बिरामी भएर मर्नै लागेकी थिइन्। त्यसकारण, उनी येशूकहाँ गएर आफ्नो घरमा आएर उनको छोरीमाथि हात हालिदिन हारगुहार मागेका थिए। "जब तिनीहरू याइरसको घरतिर जाँदै थिए तब कसैले यो दुःखद समाचार ल्यायो कि "तपाईकी छोरी त मरिन्। गुरुज्युलाई अब किन दुःख दिने?" तर येशूले भन्नुभयो, नडराऊ, केवल विश्वासमात्र गर।" त्यसकारण, विचल्ली भएर रुनुकराउनुको सट्टा बाबुले परमेश्वरको हस्तक्षेपको निम्ति पूरै भरोसा राखेका थिए।

याइरसको घरमा येशू पुग्नुभएपछि त्यहाँ त्यहाँ जम्मा भएर रोइकराइरहेका भिँडलाई भन्नुभयो, "तिमीहरू रोएर यस्तो हल्लिखल्ली किन गर्दछौ? बालिका मरेकी छैनन् तर सुतिरहेकी छिन्। उहाँको त्यो वचन सुनेर रोइरहेका मानिसहरू त खलल हाँसे (त्यसबेलाका चलन अनुसार कोही मानिस मऱ्यो भने रुनको निम्ति समूह हुन्थ्यो, जसलाई पैसा दिएर रुन लगाउँथ्यो-अनुवादक)। येशूको वोलीलाई तिनीहरूले धज्जी उडाएका उहाँको उपहास गरेका थिए किनकि (तिनीहरूलाई थाहा थियो कि बालिका मरिसकेकी छिन् र (२) तिनीहरूले उहाँको वचनको अर्थलाई बुझ्न सकेनन्। मृत्युलाई सुत्नुको संज्ञा दिनु येशूको मनपर्ने सम्बोधन थियो (मत्ती ९:२४, लूका ८:५२, यूहन्ना ११:११-१५)। मृत्यु निन्द्रा हो तर यो चिर अर्थात् कहिल्यै नब्युँझिने निन्द्रा

होइन। तर जबसम्म जीवन दिन महान् प्रभुले उठाउनुहुन्न तबसम्म गहिरो निन्द्रामा पर्नु हो। उहाँसँगमात्रै चिहान तथा मृत्युको ढोका खोल्ने साँचोहरू छन् (प्रकाश १:१८, यूहन्ना ३: १६, रोमी ६:२३)।" *एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ६०९बाट रूपान्तरित।

बालिका बिउँतिएपछि त्यहाँ भएका सबै मानिसहरू आश्चर्यचकित भएका थिए। यो त तिनीहरूको निम्ति ज्यादै अचम्मको अनुभव थियो। हो, अहिलेको संसारमा मृत्यु अन्तिम हो, विवादरहित हो र मानवीय हिसाबले यसबाट कसैलाई फर्काउन सकिँदैन। त्यसकारण, ती मानिसहरूका आफ्नै आँखाको अगाडि यस्तो हुनु अचम्म नै थिय। यो त, जीवन परिवर्तन गर्ने अनुभव थियो।

**"नडराऊ, विश्वासमात्रै गर" भन्ने आश्वासन हाम्रो निम्ति अहिले पनि अर्थपूर्ण छ। अत्यन्तै भयाभव परिस्थितिमा पनि त्यो आश्वासनलाई हाम्रो हृदयमा कसरी सजाएर राख्ने, र अझै विश्वासै गरिराख्ने महत्त्वपूर्ण आस्थालाई कसरी जगाइराख्ने?**

## ५. लाजरस

**यूहन्ना ११:१-४५ पढ्नुहोस्। लाजरस बिमारी भएर मर्नु त येशूको महिमाको लागि पो रहेछ। यो कसरी भयो? हेर्नुहोस्,** "१ लाजरस नामको एक जना मानिस बिरामी भएका थिए। तिनी मरियम र उनकी दिदी मार्थाको गाउँ बेथानियाका थिए। २ प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै थिइन्। यिनकै भाइ लाजरस बिरामी थिए। ३ यी दुई दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्।" ४ तर यो सुनेर येशूले भन्नुभयो, "यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्।" ५ येशूले मार्था, तिनकी बहिनी र लाजरसलाई माया गर्नुहुन्थ्यो, ६ तापनि लाजरस बिरामी छन् भन्ने सुनेर उहाँ जहाँ हुनुहुन्थ्यो, अझ दुई दिन त्यहीं बस्नुभयो। ७ त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो, "लौ, अब हामी फेरि यहूदिया फर्केर जाऔं।" ८ चेलाहरूले उहाँलाई भने, "रब्बी, भर्खरै मात्र यहूदीहरूले तपाईंलाई ढुङ्गाले हान्न खोजेथे, र के फेरि तपाईं त्यहीं जानुहुन्छ?" ९ येशूले जवाफ दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा

हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्तछन्, १०
तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।"

११ त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस
निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" १२
चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको
हुनेछन्।" १३ येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले
चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। १४ येशूले
तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्। १५ तिमीहरूले विश्वास
गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु। जे भए तापनि हामी
तिनीकहाँ जाऔं।" १६ तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरूलाई
भने, "लौ, हामी पनि जाऔं, र उहाँसँगै मरौं।" १७ जब येशू आइपुग्नुभयो, तब
लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो। १८
बेथानिया यरूशलेमदेखि नजिकै प्रायः तीन किलोमिटरको दूरीमा थियो। १९ धेरै
यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरूलाई सान्त्वना
दिन आएका थिए। २० येशू आइरहनुभएको छ भन्ने सुनेर मार्था गइन् र
उहाँलाई भेटिन्। तर मरियम घरैमा बसिरहिन्। २१ तब मार्थाले येशूलाई
भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन। २२ तर अब पनि म
जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।"

२३ येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" २४
मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि
जीवित भई उठ्नेछ।" २५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै
हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र
ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?"
२७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने
ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।" २८ यति भनेर तिनी गइहालिन्, र आफ्नी
बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्, "गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई
बोलाउँदैहुनुहुन्छ।" २९ यो सुनेर मरियम झट्टै उठेर उहाँकहाँ गइन्। ३० त्यस
बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो
जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन्। ३१ घरमा तिनलाई सान्त्वना दिन
आएका यहूदीहरूले मरियम झट्टै उठेर बाहिर गएकी देखेर, तिनी त्यो चिहानमा
रुन गएकी हुन् भन्ठानेर, तिनको पछि लागे। ३२ जब मरियम येशू हुनुभएको

ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।" ३३ जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका छौ?" तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।" ३५ येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।" ३७ तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?" ३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो। ३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, 'तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौ'?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।" ४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।" ४५ मरियमकहाँ आएका धेरै यहूदीहरूले येशूले गर्नुभएको काम देखेर उहाँमाथि विश्वास गरे।"

यहाँ पनि येशूले मृत्युलाई निन्द्राको संज्ञा दिनुभयो। "हाम्रा मित्र लाजरस सुतेको छ। म त्यहाँ गएर उसलाई ब्युँझाउँछु। उनका चेलाहरूले लाजरस साँच्चिक्कै सुतिरहेको थियो भनेर सोचेका थिए। अनि तिनीहरूले नबुझेको कारण उहाँले स्पष्टरूपमा भन्नुभयो, "लाजरस मरेको छ।" जब येशू बेथानीमा आइपुग्नुभयो लाजरस मरेको चारदिन भइसकेको थियो। उसको शरीर गन्हाइ सकेको थियो। यसले लाजरस मरिसकेको भनेर प्रमाणित गर्दछ।

"तिम्रो भाइ लाजरस मृत्युबाट बिउँझिनेछ" भनेर येशूले भन्नुहुँदा अन्तिम पुनरुत्थानमाथिको विश्वासमा मार्थाले आफ्नो विश्वास जनाएकी थिइन्। अनि येशूले घोषणा गर्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ। जसले मलाई विश्वास गर्छ, त्यो मानिस मरेपनि जीवित हुनेछ, र प्रत्येक बाँचिरहेको व्यक्ति जसले मलाई विश्वास गर्छ त्यो कहिल्यै पनि मर्दैन। के तिमीले विश्वास गर्छ्यौं?" अनि येशूले थप्नुभयो, "यदि तिमीले यो विश्वास गर्‍यौ भने तिमीले परमेश्वरको महिमा देख्नेछौ। मार्थाले विश्वास गरिन् र उनको भाइको पुनरुत्थानमा उनले परमेश्वरको महिमा देख्न पाएकी थिइन्।

परमेश्वरको बचनले जीवन सृष्टि भयो भनेर बाइबलले हामीलाई बताउँदछ (उत्पति १:२०-३०;भजन ३३:६), र उहाँकै वचनले जीवनलाई फेरि सृष्टि गर्न सक्नुहुन्छ, जसरी लाजरसको मामिलामा हामी देख्छौं। छोटो प्रार्थना पछि येशूले आदेश दिनुहुन्छ, "लाजरस, बाहिर आऊ।" त्यसैबेला त्यहाँ उभिएका मानिसहरूले परमेश्वरको जीवनदिने शक्ति देखेका थिए। त्यही शक्ति जसले बोल्नुहुँदा संसारको उत्पत्ति भयो, र त्यही शक्तिले अन्तिम युगमा हुने पुनरुत्थानमा मरेकाहरूलाई बोलाउनुभएर जीवन दिनुहुनेछ।

लाजरसलाई व्युँताउनुभएर येशूमा मृत्युको शक्तिलाई परास्त्र गर्न सक्नुहुन्छ भनेर प्रमाणित गर्नुभएको थियो। हामी सबै जना मर्छौं, तर परमेश्वरले हामीलाई पुनरुत्थान गर्नुहुने जस्तो महान् महिमा अरू के होला?

**यूहन्ना ११:२५, २६ फेरि पढ्नुहोस्: "२५ येशूले तिनलाई भन्नुभयो, “पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?” एक हरफमा विश्वासीहरू मर्नेछन् भनेर ठोकुवा गर्नुभएको छ भने अर्को हरफमा उहाँ कहिल्यै मर्नेछैन भनेर येशूले भन्नुभएको छ। उहाँले हामीलाई यहाँ के सिकाउन खोजिरहनुभएको छ? उहाँको वचन अनुसार मृत्यु भनेको अचेत निन्द्रा हो भनेर मृत्युबारे ज्ञान हुनु हाम्रो आस्थाको एक निर्णायक विश्वास किन हो? हाम्रो भविष्य चिहान होइन, माटो र खरानी होइन तर अनन्त जीवन हो भनेर उहाँका वचनहरूले हामीलाई कस्तो आशा र सान्त्वना दिँदछ?**

**उपसंहार**

**थप जानकारीः एलेन जी ह्वाइटः *पाट्रियार्क एण्ड प्रोफेटस* पृ. ४६९-४८०को, "द डेथ अभ मोजस," *प्रोफेटसएण्ड किङ्गसको* पृ. १२९-१ ४२को "द भ्वाइस अभ स्टर्न रिब्युक," पृ. २३७-२४३को "अ प्रोफेट अभ पिस," *द डिजाएर अभ* एजेज, पृ.३१८,३१९को "द सेन्च्युरयन," पृ. ३४२,३४३को "टच अभ फेथ" र पृ. ५२४-५३६को "'लाजरस, कम फोर्थ।'"**

"येशूको जीवन आफ्नै हो, कसैबाट सृजिएको होइन न त आएको हो। 'जोसँग पुत्र छ त्योसँग जीवन छ।' १ यूहन्ना ५:१२। ख्रीष्टको ईश्वरीत्व नै विश्वासीहरूले अनन्त जीवन पाउँछन् भन्ने आश्वासन वा प्रतिज्ञा हो। येशूले भन्नुभयो, "येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?" यूहन्ना ११:२५-२६। यहाँ येशूले आफ्नो दोस्रो आगमनको समयतिर नजर लगाउनुभएको थियो। मरेका धर्मीहरू अविनाशी शरीर लिएर बौरि उठ्नेछन् र जीवित धर्मीहरू नाशवान शरीरबाट परिवर्तन भएर अबिनाशी शरीर लिएर स्वर्ग जानेछन्। तिनीहरूले मृत्युको अनुभव गर्नेछैनन्। लाजरसलाई मृत्युबाट उठाउनु भएर जुन आश्चर्य काम येशूले गर्नुभयो, त्यसले सबै धर्मीहरूको पुनरुत्थान हुनेछ भनेर देखाएको थियो। उहाँको वचन र कामहरूले उहाँ पुनरुत्थानको रचनाकार हुनुहुन्छ घोषणा गर्नुभएको थियो। उहाँ जो छिट्टै क्रूसमा मृत्युको सामना गर्नुहुने येशूसँग मृत्युको साँचोसँग उभिनु भएको थियो। उहाँ चिहानमाथि विजयी पाउनुभयो, र उहाँमा अनन्त जीवन दिने अधिकार र शक्ति छ भनेर ठोकुवा गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ५३०बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ. एलिया र एलिशाका सेवाकालहरूमा धेरै मानिसहरू मरेका थिए, साथै येशूको आफ्नै सेवाकालमा पनि। तर थोरैको मात्र पुनरुत्थान पाएका थिए (हेर्नुहोस्, लूका ४::२४-२७)। सबै मरेकाहरूको विषयमा सोच्नुहोस्। चाहे विगतको समयमा होस् वा येशूको दोस्रो आगमनमा होस्, पुनरुत्थाननै हुन्छ भने मृत्युले के फरक पार्छ र?**

आ. मर्नकोमात्रै जन्मिएका मानिसको अर्थ के छ र भनेर शताव्दीयौदेखि कतिपय लेखक, दार्शनिकहरूले व्यक्त गरेका छन्। अरू कुकुर, भेँडाबाख्या, गाइभैंसी कुखुरा आदिपनि हामी जस्तै मर्छन्न नै। तर पशुहरूलाई भन्दा हाम्रो हालत झन खराब छ किनकि हामीलाई थाहा छ हामी मर्नेछौं (उपदेशक ९:५) तर पशूहरूलाई मर्छन् भन्ने कुरो थाहा हुँदैन। त्यसकारण, पुनरुत्थानको सन्देश हाम्रो निम्ति किन निर्णायत्मक छ त?

इ. यदि आत्मा अमर छ र विशेष गरेर मरेका धर्मीहरू स्वर्गमा छ भने युगको अन्तमा हुने पुनरुत्थानको औचित्य के छ र?

ई. यदि कसैले तपाईंलाई सोध्यो रे "के यमूना त्यहाँ छ?" त्यसको जवाफमा तपाईंले जवाफ दिनु होला, "छ, तर उनी सुतिरहेकी छिन्।" तर, "उनी मरेकी छिन्" भनेर तपाईंले किन जवाफ दिनुहन्न? यसले मृत्युको बारेमा हामीलाई के सिकाउँछ?

## कथा ५
## प्रार्थना, बिरुवाहरू र महामारी
## एम्मी, अस्ट्रेलिया



कोभिड-१९को कारण एम्मी अब घरबार बिहिन हुने परिस्थितिमा पुगेकी थिइन्। अस्ट्रेलियाको मेलबर्नमा सरकारले लकडाउन गरेकोले उनको श्रीमानले आंशिक समयमा काम गरेको कम्पनीले उनको काम गर्ने घन्टा घटाएकोले तिनीहरूको आर्थिक अवस्था नाजुक हुन पुगेको थियो।

तर एम्मीमा परमेश्वरप्रति आस्था र भरोसा थियो। उनी र उनका श्रीमान जोनाथान भर्खरै बप्तिस्मा लिएर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सामेल भएका थिए। जोनाथान र आफ्ना तीन छोराहरूको जीवन धान्नको निम्ति उनले प्रार्थना गर्न थालिन्।

एम्मीको निम्ति धेरै चुनौतीहरू थिए। उनले मोटर हाँक्न सक्दिनथी, काम पाउन सार्है गाऱ्हो थियो। जब कामको निम्ति उनले पहिलो ठाउँमा पुगिन् उनले आफ्नो साथीलाई लगेकी थिइन्। तर उनले सट्टा उनकी साथीले पो काम पाइन्।

"चिन्ता नगर्नु। तिमीले काम पाएनौ भने परमेश्वरको इच्छा थिएन होला र त्यो काम तिम्रो निम्ति थिएन होला," जोनथानले सम्झाए।

एम्मीले निरन्तर प्रार्थना गर्दै रहिन्। प्रार्थना गर्दै गर्दा उनले हरियो बिरुवा पनि उमार्दै थिइन्। त्यसमा उनलाई रमाइरहेकी थिइन्। उनले त्यो विरुवालाई आफूसँगै फोटो खिचेर फेसबुकमा राखिन्। हरियो र रसिलो बिरुवा उमार्नेहरूको फेसबुक समूहसँग उनले मित्रता गाँसे।

एक दिन फेसबुकमा त्यस समूहले खिँचेको भिडियो देखेर उनमा प्रेरणा जागेर आयो। "तपाईंहरूसँग काम गर्न पाए कस्तो रमाइलो हुन्थ्यो। मलाई हरियो बिरुवा धेरै मन पर्छ," उनले भिडियोमा लेखिन्।

***"तपाईं कहाँ बस्नु हुन्छ?" जवाफ आयो।***

जब आफू कहाँ बस्ने ठाउँ भनेपछि बिरुवाहरू उमार्ने नर्सरीको मालिकसँग कुरा गर्न कसैले सल्लाह दियो। जब मालिकले उनीसँग फोनमा

कुरा गरिन् तब उनले सोधे, "के म तपाईं मेरो नर्सरीमा ४:३०बजे आउन सक्नुहुन्छ?" त्यो अवसर पाएर एम्मी अत्यन्तै खुशी भइन्। त्यो ठाउँ उनी हिंडेरै पुग्थ्यो। त्यसको लागि उनलाई कारको आवश्यकता थिएन।

तर परमेश्वरको इच्छा अनुसार उनले चल्न चाहेकी थिइन्। उनले प्रार्थना गरिन्, "प्रभु, यहाँ काम पाउने भए तपाईंको इच्छा पूरा होस्। यदि यहाँ मैले काम नपाउने भए त्यो काम नपाउन तपाईंले नै रोक्नुहोस्।"

उनी त्यहाँ ढिलो पुग्न नचाहेकोले आधा घन्टा अघि नै पुगिन्। त्यसबेला उनी रूखहरूको  बीचमा लुक्न खोजिन् किनभने उनी समय अघि नै त्यहाँ पुगेको देखाउन चाहेकी थिइनन्। तर नर्सरीको मालिकले उनलाई देखे। "के तपाईं एम्मी हुनुहुन्छ?" उनले सोधे। जब उनले हो भनेर जवाफ दिइन् त्यसबेला उनलाई आफ्नो कार्यालयमा लगेर बिरुवाहरूको व्यापारसम्बन्धी व्याख्या गरे। मालिकका सबै कर्मचारीसँग एम्मीलाई चिनापर्ची गराए। अनि बगैंचाका बिरुवाहरूलाई उनले देखाए। उनको उत्सुकता देखेर उनलाई दिनभरी काम गर्न नियुक्त गरे।

फेसबुकमा एउटा सानो टिप्पणीले उनले आफ्नो घर नजिक त्यो पनि महामारीको बेलामा परमेश्वरले काम दिलाइ दिनुभएकोमा उनी छक्क परिन्। अब उनले आफ्नो घरबहाल तिर्न पैसा हुने भएको थियो।

एम्मीले नर्सरी  बगैंचाको सबै कामहरूको बारेमा छिट्टै सिकिन् र जहाँ जहाँ आवश्यकता थियो त्यहाँ त्यहाँ उनी काम गर्न थालिन्। विभिन्न खालका कामहरू उनमा आएकोमा उनलाई रमाइलो लागेको थियो। हरियो बिरुवाहरू कसरी राम्रोसँग उमार्ने पनि उनले सिक्न चाहेकी थिइन्। उनले आफ्नै घरमा विभिन्न थरीका विरुवाहरू उमार्न चाहेकी थिइन्। साथीहरूको अनुमतीले उनले बिरुवाका टुक्राटाक्रीहरू घरमा लगिन् र आफ्नै बगैंचामा ती बिरुवाहरू उमार्न थालिन्। समय छिटै बित्यो। उनको प्रार्थना परमेश्वरले साँच्चिकै सुन्नुभएको थियो। परमेश्वरले सुन्नुभएको थियो भनेर उनले सोचेकी थिइन्।

तर तलब लिने बेलामा उनले केही पनि पाएनन्। किन तलब पाएन भन्दा सोध्दा उनले बिरुवाहरू काटेर घरमा लगेकोले उनले तलब नपाएको मालिकले सुनाए।

उनले त विश्वासै गर्न सकेनन्। हो, उनले बिरुवाहरू काटेर घरमा लगेकी थिइन् तर त्यसले गर्दा उनले तलब पाउँदैन भनेर उनलाई कसैले भनेको थिएन।

जब घरमा रित्तो हात फर्किन् उनको श्रीमान जोनाथानले उत्साह दिँदै भने, "चिन्ता नगर, यसको बारेमा हामी  प्रार्थना गर्नेछौं।" तिनीहरूले शुक्रबार,शनिबार र आइतबार प्रार्थना गरे।

सोमबार बिहान उनलाई छक्क पारियो। जब उनी काममा आए उनले तलबको बारेमा केही बोल्नु अघि नै मालिकको श्रीमतीले एउटा मिठो केक उपहार दिएर आफूहरूले गल्ती गरेकोले माफी मागिन्। तिनीहरूले एम्मीको बारेमा नबुझेकोले उनलाई अन्याय भएको तिनीहरूले महसुस गरेको सुनाइन्। उनले पूरा तलब पाउनेछिन् भनेर पनि उनलाई सुनाइन्।

एम्मीको हृदयमा आनन्दले भरियो। फेरि पनि परमेश्वरले उनको प्रार्थना सुन्नुभएको थियो। अब महामारीको बेलामा उनले उनको परिवारले घर बहाल तिर्न सक्ने भएका थिए।

-मेरी आलन हाक्को